कटारी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

फोन नं. ०३५४५०२१६
०३५४५००३९

कटारी, उदयपुर
प्रदेश नं. १ नेपाल
स्था : २०७३


पत्र संख्या :- ०७५/०७६
च.न : ४५६

प्रथम पटक प्रकाशित मिति २०७५।०५। १३ गते

## औषधि खरिद सम्बन्धी सिलबन्दि बोलपत्र आह्वानको सूचना

यस कार्यालय अन्तेगतका स्वास्थ्य संस्थाहरुमा चालु आ.ब. २०७५/०७६ का लागी आवश्यक पर्ने औषधि तथा सर्जिकल सामानहरु बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित इच्छुक फर्म/कम्पनि, सप्लायर्सहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस कटारी नगर पालिकाको कार्यालय, कटारी, उदयपुरमा सम्पर्क राखी निम्न शर्तहरुको अधिनमा रही सिलबन्दि बोलपत्र खरिद गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१) बोलपत्र फाराम खरिद गर्न नविकरण गरिएको फर्म तथा कम्पनी दर्ता प्रमाण पत्र, औषधि बिक्री गर्ने ईजाजतपत्र, आयकर दर्ता प्रमाण पत्र र मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु तथा आ.ब.०७५/०७६ सम्मको कर चुक्ता प्रमाण पत्र कोप्रमाणित प्रतिलिपीहरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र रु. १०००।- अक्षरेपी रु. एक हजार मात्र (फिर्ता नहुने गरी) जम्मा गरेको सक्कलै रसिद निवेदनसाथ संलग्न राखी बोलपत्रदाता स्वयं उपस्थित भई वा निजको आधिकारिक मञ्जुरीनामा सहितको अधिकृत प्रतिनिधीले बोलपत्र खरिद गर्न सक्नेछ ।

२) खरिद गरेको सिलबन्दि बोलपत्र रितपुर्वक भरी प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजेभित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ । बोलपत्र हुलाक ,कुरियर मार्फत पनि तोकिएको स्थानमा निर्धारित समय भित्र दाखिला भएमा मात्र दर्ता गरिनेछ । म्याद त्रित्र दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारम सोहि दिनको २ बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । सिलबन्दि बोलपत्र बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्नमा बाधा पर्नेछैन ।

३) सिलबन्दि बोलपत्रमा जमानत वापत आफुले कबोल गरेको कुल अंकको **२.५ प्रतिशत (अढाई प्रतिशत)** ले हुन आउने रकम बैंक जमानत वा यस कटारी न.पा. कार्यालयको नाममा रा.बा.बैंक, गाईघाटमा रहेको धरौटी खाता नं. २०५०३०३००७१०२ मा नगद जम्मा गरी सो को सक्कलै बैंक भौचर बोलपत्र साथ पेश गर्नु पर्ने छ वा कम्तिमा १२० दिन म्याद भएको जमानत पत्र (बिडबण्ड) सक्कल प्रति पेश गर्नुपर्नेछ ।

४) सिलबन्दि बोलपत्र दर्ता गर्ने, खोल्ने दिन सार्वजनिक बिदा परेको खण्डमा सोको भोलिपल्ट कार्यालय समयभित्र खोलिनेछ ।

५) बोलपत्र स्वीकृत भएको सुचना दिएको १५ दिन भित्र सम्झौता गर्न आउनु पर्नेछ र सम्झौता गर्न आउँदा कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम बराबरको मान्यता प्राप्त बैंकबाट जमानत पत्र वा उल्लेखित धरौटी खातामा रकम जम्मा गरेको सक्कलै भौचर कार्य सम्पादन जमानत वापत पेश गर्नुपर्नेछ । नगद जमानत राखेकोमा पछि बैक जमानतमा परिणत गर्न पाईनेछैन ।

६) बोलपत्रदाताले कबोल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरी,स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दरलाई मान्यता दिईनेछ ।केरमेट वा थपघट गर्नुपर्ने भएमा बुझिने गरि सोकाटिएको वा थपिएको ठाउँमा आधिकारिक ब्यक्ति को हस्ताक्षर हुनुपर्नेछ ।

७) सिलबन्दि बोलपत्रदाताले बोलपत्र खरिद गर्दा सम्बन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लागेको बोलपत्र फारम खरिद गर्नु पर्नेछ । आधिकारिक दस्तखत र कार्यालयको छाप नलागेको बोलपत्र फाराम मान्य हुनेछैन ।

८) रित नपुगेको, म्याद नाघि आएको वा कुनै किसिमको शर्त राखी प्राप्त हुन आएको सिलबन्दि बोलपत्र माथी कुनै कारवाही हुने छैन ।

९) पेश हुन आएका बोलपत्रहरुको आईटमबाईज स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै बोलपत्रमा उल्लेखित भएका औषधिहरुको परिमाणमा थपघट हुन सक्नेछ ।

१०) कार्यालयमा औषधि आपुर्ति गर्दा लाग्ने ढुवानी तथा करहरु बोलपत्रदाता स्वंयले ब्यहोर्नु पर्नेछ ।

११) सप्लाई हुने औषधि तथा अन्य सामानहरुमा उत्पादन मिति, Expiry Date, ब्याच नम्बर तथा Supply for Ministry of Health and Population, Nepal, वा "यो औषधि बिक्रिको लागी होईन" भन्ने बाक्याशं लेखिएको हुनुपर्नेछ ।

१२) कार्यालयमा औषधि दाखिला हुने समयमा औषधिको म्याद कम्तिमा १८ महिना बाँकी Expiry Date हुनुपर्नेछ र कुनै औषधिको जम्मा Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा जम्मा Expiry Date को ७५ प्रतिशत म्याद बाँकी हुँदा दाखिला गर्न सकिनेछ ।

१३) सम्पुर्ण औषधिहरु खरिद गर्दा WHO GMP Certified Company बाट उत्पादित औषधिहरु मात्र खरिद गरिने छ ।

१४) औषधि खरिदको बोलपत्र स्वीकृत गर्दा प्याकेजको रुपमा स्वीकृत नगरी प्रत्येक औषधिको छुटटा छुटटै आईटम वाईज बोल कबोल अंक मध्ये न्युनतम मुल्यका आधारमा स्वीकृत गरिनेछ ।

१५) आफुले सप्लाई गर्ने औषधिहरुको आधिकारिक पत्र (Authority Lettter) स्वदेशी कम्पनीको हकमा उत्पादकबाट र बिदेशी कम्पनी भए National Suppliers बाट लिई पेश गर्नुपर्नेछ ।

१६) बोलपत्र फाराममा खरिद गर्ने प्रत्येक औषधि आईटमवाईज उत्पादक कम्पनीको नाम अनिवार्यरुपले भर्नुपर्नेछ । यसरी कम्पनीउल्लेख नभएको फर्म मान्य हुने छैन । सुई, धुलो,झोल, औषधिहरु बाहेक अन्य सम्पुर्ण औषधिहरु STRIP मा आपुर्ति गर्नुपर्नेछ ।

१७) आपुर्तिकर्ताले सप्लाई गरेको औषधिको गुणस्तरमा शंका लागी परिक्षण गर्नु पर्ने भएमा आपुर्तिकर्ता स्वयंले परिक्षण गराई परिक्षणको प्रमाण पत्र पेश गर्नु पर्ने छ । परिक्षणमा लाग्ने खर्च आपुर्तिकर्ता स्वयंले नै ब्यहोर्नु पर्नेछ ।

१८) एक बिकेताको नाउँमा बिकी भएको बोलपत्र अर्को बिक्रेताको नाउँमा दाखिला गर्न पाउने छैन ।

१९) यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावलि, २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

२०) सिलबन्दि बोलपत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

तपशिल

| क्र.स. | विवरण | ईष्टिमेट रकम | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| ०१ | स्वास्थ्य संस्थाहरुलाई आवश्यक औषधि, तथा सामान खरिद | ७३००००।- | १८२५०।- | मु.अ.कर सहित |